# ३ सुरुको चर्चको जीवन

*__यस अध्यायका मूल पदहरू__*: प्रेरित २:४२-४६, प्रेरित ४:३४,३५, प्रेरित ३:१-२६, प्रेरित ४:१-१८, प्रेरित ५:१-११ र प्रेरित ५:३४-३९।

*__यस अध्यायको मूल सार पद__*: **"प्रत्येक दिन तिनीहरू मन्दिरको परिसरमा निरन्तररूपमा भेला भइरहे। तिनीहरूले तिनीहरूको घरघरमा खुशीसाथ र सच्चा हृदयले सँगसँगै रोटी भाँचेर खाए। तिनीहरूले निरन्तररूपमा परमेश्वरको स्तुति गरे र सबै मानिसहरूले तिनीहरूलाई मन पराएकाले तिनीहरू रमाइलो मानिरहेका थिए" (प्रेरित २:४६,४७ रूपान्तरित)।**

सुरूको चर्चमा सबै मिल्नुपर्ने वाध्यताले गर्दा चर्च अत्यन्त बलियो, दह्रो र जोसिलो थियो। चेलाहरूले मसीहको राज्य कहिले हुन्छ भनेर सोध्दा उहाँ आउने समयलाई उहाँले खुला राख्नुभएको थियो (प्रेरित १:६-८)। तर त्यो समय त्यसमा भर परेको तिनीहरूले बुझेका थिए जब पवित्र आत्मा आउनुहुन्छ र ती प्रेरितहरूको सुसमाचार सुनाउने लक्ष्य पूरा हुन्छ। त्यसकारण जब पेन्टिकोस्टमा जुन घट्ना घटे त्यसले गर्दा सुरूका विश्वासीहरूले बुझेका सबै थोक पूरा भयो भनेर सोचेका थिए: तिनीहरूले पवित्र आत्मा पाए र सारा संसारमा सुसमाचार फैलियो। यो होइन कि ती प्रेरितहरू यरुशलेमबाट संसारमा गएर सुसमाचार प्रचार गरे तर सारा संसार तिनीहरूमा आएका थिए (प्रेरित २:५-११)।

भौतिक सुविधा वा सामानहरूबाट सुरूको चर्च अलगिएको मामिला उल्लेखनीय मान्नुपर्छ। समय छोटो भएको आभास् पाएर तिनीहरूले आफूसँग भएका सबै थोकहरू बेचे र एकआपससँग सङ्गति गरेर निरन्तररूपमा येशूको बारेमा सिक्न र उहाँको निम्ति साक्षी हुन आफूहरूलाई सुम्पिएका थिए। तर त्यो क्रियाकलाप तत्कालै तिनीहरूले यरुशलेममामात्र सिमित राखेका थिए। धेरै मानिसहरूले येशूलाई विश्वास गर्न पुग्दा चर्चको संख्याहरू बढ्न थाले। धेरै गरिबहरू पनि चर्चमा समावेश भए र तिनीहरूलाई रेखदेख गर्न प्रभावकारी रूपमा चर्चले सम्हालेतापनि त्यहाँ एक जटिल समस्या खडा भयो। गरिबहरूलाई सम्हाल्न खोजेतापनि धेरै मानिसहरू चर्चमा समावेश भएको कारणले तिनीहरूलाई एकतामा राख्न गाह्रो भएको थियो। चर्च नै बिभाजन हुने

स्थितिमा पुगेको थियो। त्यसले गर्दा चर्चलाई एकतामा राख्न परमेश्वरले हस्तक्षेप गर्नुपरेको थियो। फेरि त्यसै बखत ती चेलाहरूले अतिवादी यहूदीहरूको बिरोधको सामना गर्नु परेको थियो। तर ती सबै समस्याहरूको बाबाजुद पनि तिनीहरूको विश्वासलाई कसैले पनि हल्लाउन सकेको थिएन।

## १. सिकाउँदै र सङ्गति गर्दै

पेन्टिकोस्टको विवरण पछि लेखक लूकाले आफ्नो ध्यान यरुशलेममा रहेका विश्वासीहरूको भित्री जीवनको बारेमा चर्चा गर्छन्। "तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे" प्रेरित २:४२। शिक्षा, सङ्गति, रोटी भाँच्नु र प्रार्थना येशूका विश्वासीहरू एक हुने तत्वहरू हुन्। तर ती चार तत्वहरूको मूल आधारचाहिँ शिक्षा दिनु र सङ्गति दिनु थिए। शिक्षाचाहिँ मन्दिरमा दिएका थिए भने सङ्गतिचाहिँ व्यक्तिगत घरहरूमा हुन्थे। पद ४६ अनुसार शिक्षादीक्षाचाहिँ मन्दिरमा दिन्थे तर सङ्गतिचाहिँ व्यक्तिगत घरहरूमा हुन्थे।

मन्दिरको वरिपरि सत्तलहरू हुन्थे। त्यहाँ रबी वा धर्मगुरूहरूले मन्दिरमा आउनेहरूलाई प्रायजसो शिक्षादीक्षा दिन्थे वा धार्मिक वचनहरू सिकाउँथे। येशूका विश्वासीहरूले प्रेरितहरूले सिकाएका वचनहरूमा ध्यान दिएर सुन्थे। त्यसको अर्थ सिक्नको निम्ति पवित्र आत्माको बरदान पाउनु भनेको ध्यानमग्न हुनु होइन तर चेलाहरूको शिक्षामा एकाग्र वा ध्यान लगाएर सिक्ने प्रक्रिया हो। चेलाहरूको शिक्षादीक्षा आधिकारिक हो भनेर देखाउन तिनीहरूले गरेका आश्चर्य काम र अरू चिन्हहरू थिए (प्रेरित २:४३)।

सुरूको इसाईहरूले देखाएका विशेष गुण वा आत्मियता भनेकै एकै मनका भएर सङ्गति गर्नु थियो। इसाई आस्था वा धर्मको मूल पहिचान नै एक आपसमा एकै परिवारका सदस्य हुन् भनेर समाजलाई देखाउन सकिएको थियो। विश्वासीहरू मन्दिरमामात्रै निरन्तररूपमा सँगसँगै थिएनन् तर घर घरमा सङ्गति हुन्थ्यो, एक आपसमा खाना बाँडेर खान्थे, प्रभुभोज मनाउँथे र प्रार्थनामा तल्लीन हुन्थे (प्रेरित २:४२,४६)। यसरी दिनदिनै उत्सब मनाएर सुरूका विश्वासीहरू भेला हुन्थे तिनीहरूले येशूको छिटो आगमनमा आशा राखिरहेका थिए भनेर देखाएका हुन्थे। येशू फर्केर आउनुभएर मसीहको राज्य स्थापना गर्नुहुनेछ र उहाँसँग फेरि सङ्गति गर्न पाउनेछौं भनेर तिनीहरू विश्वस्त थिए (मत्ती २६:२९)।

सुरूको चर्चको जीवनमा विश्वासीहरूका व्यक्तिगत घरहरूले विशेष भूमिका खेलेका थिए। मन्दिरमा हुने दैनिक धार्मिक क्रियाकलापहरूमा तिनीहरूले भाग लिइ नै रहेका थिए (प्रेरित ३:१) र सबाथ दिनहरूमा तिनीहरू तिनीहरूका यहूदी उपासकहरूसँग सिनिगग अर्थात् यहूदीहरूको आराधना गर्ने सभा घरहरूमा थिए (याकूब २:२)। तर घर घरमा चाहिँ येशूका विश्वासीहरू हुन् भनेर विशेष पहिचान दिने खालका क्रियाकलापहरू हुन्थे।

**सुरूका इसाईहरूमा हुने सङ्गतिमा के के महत्त्वपूर्ण पक्षहरू समेटिएका थिए? हेर्नुहोस् देहायका केही पदहरूः प्रेरित २:४४,४५ "४४ विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए। ४५ तिनीहरूले आफ्ना सम्पत्ति र मालसामान बेचिकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँड़िदिन्थे।"** र प्रेरित ४:३४,३५ "३४ तिनीहरूमध्ये कसैलाई केही कुराको खाँचो पर्दैनथ्यो, किनकि जति जना जग्गाजमिन कि घरका मालिक थिए, तिनीहरूले ती बेचेर त्यसको मोल ल्याउँथे, ३५ र प्रेरितहरूका चरणमा राखिदिन्थे, र जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँड़िदिन्थे।"

येशूको आगमन छिटो भइ हाल्छ नि अब हामीहरूलाई भौतिक सुविधाहरूलाई किन सम्हालि राख्ने भनेर सुरूका ती विश्वासीहरूले आफ्ना व्यक्तिगत सम्पत्ति वा जग्गा जमिनहरूलाई थामी राख्ने आवश्यकता देखेका थिएनन्। तिनीहरूसँग जे स्रोतहरू थिए ती सबै साझा वा सबैको भनेर तिनीहरूले मान्दथे। मसीह आफैले तिनीहरूको सबै आवश्यकताहरू जुटाउनुहुने भएकोले भोलिको चिन्ता गर्नु तिनीहरूले आवश्यक ठानेका थिएनन् (लूका २२:२९,३०)। एक आपसमा भएका श्रीसम्पत्तिहरू एक आपसमा बाँड्दा तिनीहरूले एक किसिमको गहिरो एकताको अनुभव गरेका थिए। तिनीहरूले इसाई उदारताको असाधारणरूप वा उच्च कोटीको अनुकरणीय उदाहरण देखाएका थिए।

**परमेश्वरले तपाईंलाई जे दिनुभयो त्यसलाई तपाईंले कस्तो उदारता देखाएर परिचालन गरिरहनुभएको छ?**

## २. लङ्गडो मानिस निको भएको

एक दिन पत्रुस र यूहन्ना परमेश्वरको आराधना गर्न दिउँसो ३ बजे तिर मन्दिरमा गएका थिए भनेर प्रेरित ३:१ले बताउँछ। सुरूको चर्चका

विश्वासीहरू यहुदी भएको कारणले तिनीहरूले यहुदी परम्परालाई पालन गर्ने स्वभाव देखाएका देखाएका थिए भनेर त्यस विवरणले देखाउँछ। त्यसको अर्थ हामीले यो पनि बुझ्नुपर्छ कि प्रेरितहरू मन्दिरमा केवल शिक्षादीक्षा दिन वा नयाँ विश्वासीहरू बनाउनमात्र होइन तर यहुदीहरू भएको हैसियतले तिनीहरू यहुदी धार्मिक परम्पराप्रति अझै समर्पित भएकाले मन्दिर गइरहेका थिए (प्रेरित २०:१६,२१:१७-२६)। जब पत्रुस र यूहन्ना यस पटक मन्दिरमा गए तब त्यहाँ सबैलाई अचम्भित पार्ने आश्चर्य काम गरे जसले गर्दा पत्रुसले अर्को प्रवचन दिने अवसर पाए (प्रेरित ३:१-१०)।

**आश्चर्य काम सहित पत्रुसको प्रवचनको बारेमा प्रेरित ३:१-२६सम्म पढ्नुहोस्। उनको प्रवचनको मुख्य विषयबस्तुहरू के थिए? हेर्नुहोस्: "१ पत्रुस र यूहन्ना दिउँसो तीन बजे प्रार्थनाको समयमा मन्दिरमा जाँदैथिए। २ मन्दिरभित्र पस्नेहरूबाट भीख माग्न जन्मैदेखिको एक जना लङ्गड़ालाई मानिसहरू बोकेर ल्याउँथे र दिनहुँ मन्दिरको सुन्दर नामको ढोकामा राखिदिन्थे। ३ पत्रुस र यूहन्नालाई मन्दिरभित्र पस्न लागेका देखेर त्यसले भीख माग्यो। ४ यूहन्नासँगै पत्रुसले त्यसलाई एकटक लाएर हेरिकन भने, "हामीतिर हेर!" ५ तिनीहरूबाट केही पाउने आशा गरेर त्यसले ध्यान दिएर तिनीहरूलाई हेऱ्यो। ६ तब पत्रुसले भने, "सुनचाँदी मसित छैन। तर जे मसित छ, त्यही म तँलाई दिन्छु। नासरतका येशू ख्रीष्टको नाउँमा हिंड्!" ७ तिनले त्यसको दाहिने हात समातेर त्यसलाई उठाए, र तुरुन्तै त्यसका खुट्टाहरू र गोलीगाँठामा ताकत आयो। ८ अनि जुरुक्कै उठेर त्यो खड़ा भयो र हिंड्न थाल्यो, र हिंड्दै र उफ्रँदै र परमेश्वरको स्तुति गर्दै तिनीहरूसँग मन्दिरमा पस्यो। ९ तब सबै मानिसहरूले त्यसलाई हिंड्दैगरेको र परमेश्वरको प्रशंसा गरिरहेको देखे। १० तिनीहरूले त्यसलाई मन्दिरको सुन्दर ढोकामा भीख माग्न बसिरहने यही नै हो भनेर चिने, र त्यसमाथि भएको कुरामा तिनीहरूले अचम्म माने र आश्चर्यचकित भए। ११ त्यो मानिस पत्रुस र यूहन्नाको पछिपछि लागेको देखेर सबै मानिसहरू अति अचम्म मान्दै सोलोमन नामको दलानमा एकसाथ तिनीहरूकहाँ दगुरी आए। १२ यो देखेर पत्रुसले मानिसहरूलाई भने, "इस्राएलका मानिस हो, यस कुरामा तपाईंहरू किन अचम्म मान्नुहुन्छ? अथवा हाम्रो आफ्नै शक्ति वा भक्तिद्वारा हामीले यसलाई हिंड्ने तुल्याएजस्तै किन वाल्ल परेर हामीलाई हेर्नुहुन्छ? १३ अब्राहाम, इसहाक र याकूबका परमेश्वर, हाम्रा पुर्खाका परमेश्वरले आफ्ना सेवक येशूलाई महिमित पार्नुभयो, जसलाई तपाईंहरूले चाहिँ पक्राइदिनुभयो, र पिलातसले**

उहाँलाई छोडिदिने विचार गर्दा पनि तपाईंहरूले उहाँलाई उनकै सामने अस्वीकार गर्नुभयो। १४ तर तपाईंहरूले पवित्र र धर्मी जनलाई अस्वीकार गरिकन एक जना ज्यानमारालाई छोडिदिने माग गर्नुभयो, १५ र जीवनका कर्तालाई तपाईंहरूले मार्नुभयो, जसलाई परमेश्वरले मृतकबाट बिउँताउनुभयो, हामी यसका साक्षी छौं। १६ उहाँको नाउँमाथि गरेको विश्वासले र उहाँकै नाउँले तपाईंहरूले देखेका र जानेका यस मानिसलाई बलियो तुल्यायो। येशूबाट पाएको विश्वासले यस मानिसलाई तपाईंहरू सबैका सामुन्ने पूरा निको पार्‍यो। १७ अब भाइ हो, मलाई थाहा छ, कि तपाईंहरूले अजानमा त्यसो गर्नुभयो, र तपाईंका शासकहरूले पनि त्यसै गरे। १८ उहाँका ख्रीष्टले दुःख भोग्नुपर्छ भनी परमेश्वरले सबै अगमवक्ताका मुखबाट भन्नुभएको अगमवाणी उहाँले यसरी पूरा गर्नुभयो। १९ यसकारण पश्चात्ताप गर्नुहोस् र फर्कनुहोस्, कि तपाईंहरूका पाप मेटिऊन्, र परमप्रभुको उपस्थितिबाट आनन्दको समय आओस्, २० र उहाँले तपाईंहरूका निम्ति अघिबाटै नियुक्त गर्नुभएको ख्रीष्ट, अर्थात् येशूलाई पठाइदिनुहुन्छ। २१ परमेश्वरले प्राचीन कालदेखि आफ्ना पवित्र अगमवक्ताहरूका मुखबाट बोल्नुभएका सबै थोकको पुनर्स्थापना हुने समय नआउञ्जेल ख्रीष्ट स्वर्गमा अवश्य रहनुपर्छ। २२ मोशाले भनेका थिए, 'परमप्रभु परमेश्वरले मलाई खड़ा गर्नुभएजस्तै तिमीहरूका दाजुभाइहरूका माझबाट एक जना अगमवक्ता तिमीहरूका निम्ति खड़ा गर्नुहुनेछ। उहाँले तिमीहरूलाई जे-जे भन्नुहुनेछ ती सबै कुरा तिमीहरूले सुन्नुपर्छ। २३ यसो हुनेछ, कि त्यस अगमवक्तालाई नसुन्ने जति हरेक प्राणी मानिसहरूका बीचबाट नष्ट हुनेछ।'

२४ "शमूएलदेखि लिएर त्यसपछिका सबै अगमवक्ताहरू जत्तिले बोलेका छन्, ती सबले यिनै दिनहरूको घोषणा गरेका छन्। २५ तपाईंहरू तिनै अगमवक्ताहरूका र त्यही करारका सन्तान हुनुहुन्छ, जुन करार परमेश्वरले तपाईंहरूका पुर्खा अब्राहामसँग यसो भनेर बाँध्नुभयो, 'तिम्रा सन्तानमा पृथ्वीका सबै परिवारले आशिष् पाउनेछन्।' २६ तपाईंहरू हरेकलाई आफ्नो दुष्टताबाट फर्काएर तपाईंहरूलाई आशिष् दिन भनी परमेश्वरले आफ्ना सेवकलाई खड़ा गर्नुभयो र सर्वप्रथम तपाईंहरूकहाँ पठाउनुभयो।"

सुरूका येशूका विश्वासीहरूले प्रवचन गर्दा वा सुसमाचार सुनाउँदा पाँचवटा मुख्य विषयहरूमा जोड दिएका थिए: येशू ख्रीष्ट महाकष्ट पाउने उद्धारकर्ता वा मसीह (प्रेरित ३:१८), येशूलाई परमेश्वरले बौरि उठाई दिनुभयो (प्रेरित ३:१५), येशूलाई स्वर्गमा उच्च सम्मान दिइएको थियो (प्रेरित ३:१३),

उहाँ फेरि फर्केर आउनुहुनेछ (प्रेरित ३:२०) र पापको क्षमा पाउन पश्चाताप गर्नु आवश्यक छ (प्रेरित ३:१९)।

कुन सन्दर्भमा पत्रुसले प्रचार गरे भन्ने कुरामा पुरक भएतापनि सारा संसारलाई हामीले अहिले पनि त्यही सन्देश सुनाइरहेका छौं। प्रेरितहरू अझै पनि यहुदी धार्मिक परम्परामै थिए वा तिनीहरूले धर्म परिवर्तन गरेका थिएनन् तर तिनीहरू पुरानो करारबाट केवल नयाँ करारमा सरेका थिए। अब तिनीहरू परमेश्वरका जनहरू भएकाले तिनीहरूले येशूलाई मसीह भनेर ग्रहण गर्नु आवश्यक थियो र सही रूपमा उहाँलाई ग्रहण गर्न नयाँ जन्म वा अहिले नै पुनर्जन्मको अनुभव गर्नु पर्दथ्यो।

तर अहिले परिस्थिति बदलिएको भएतापनि हामीले पनि दिने सन्देश मूलभूतरूपमा त्यही होः हाम्रो पापको निम्ति येशू मर्नुभयो, उहाँ पुनरुत्थान हुनुभयो र उहाँ फेरि फर्केर आउनुहुनेछ। यसको अर्थ यही हो कि हामीहरूको मुक्ति केवल येशूमा मात्र पाइन्छ। हामीहरूले प्रचार गर्ने प्रकाश १४को तीन स्वर्गदूतहरूको सन्देशमा पनि त्यही तत्वहरू मूल विषयबस्तुहरू भएको पाइनुपर्दछः येशू क्रुसमा मर्नुभएको, येशू बौरि उठ्नुभएको र उहाँ फर्केर आउँदै हुनुहुन्छ। हामीले जे प्रचार गरेतापनि हामीहरूको सन्देशको केन्द्रविन्दु ती विषयहरू हुनुपर्दछ।

"हामी इसाई हौं भनेर दावी गर्ने सबै इसाईहरूमा सेभेन्थ-डे एडभेन्टिस्टहरू यस्तो अग्रपङक्तिमा हुनुपर्छ कि जसले संसारको सामु येशूलाई उच्चरूपमा उचाल्दछन्। तीन स्वर्गदूतहरूको सन्देश सुनाउने क्रममा सबाथको सत्य आत्मज्ञानलाई बुझाउन आह्वान गरिएको छ। हामीले सुनाउने सन्देशमा सावथ सत्यसँग अरू सन्देशहरू पनि समावेश हुनुपर्दछ। तर सबै सत्यहरूको केन्द्रविन्दु येशूलाई पन्छाउनुहुन्न। क्रुसमा नै सत्य र दया मिल्न गएको थियो र धार्मिकता र शान्तिले एक आपसमा म्वाई खाएको थियो। पापी कलबरीमा हेर्न लगाउनैपर्छ। येशूको धार्मिकतालाई स्वीकार गरेर र उहाँको दयालाई विश्वास गरेर पापी मानिसले सानो बालकले जस्तै उद्धारकर्ताको पुण्य काममा भरोसा राख्नै पर्छ।"-एलेन जी ह्वाइट, गस्पल वर्कर्स, पृ. १५६,१५७बाट रूपान्तरित।

## ३. विरोधीहरू देखा पर्छन्

जब चर्चले सफलता हासिल गरिरहेको थियो तब यरुशलेमको धार्मिक अगुवाहरू त्यसको विरोध गर्न सुरिन थाले। मूल पुजारी र उसका सहयोगीहरूले यरुशलेमको मन्दिरको संरक्षण गरेका थिए। तिनीहरू प्रायजसो सदुकी पन्थका थिए। मूल पुजारी सानहिद्रण वा यहूदी धर्म परिषदको अध्यक्ष थिए। त्यस परिषदमा प्रायजसो सदुकी र फरिसी पण्डितहरू थिए। सदुकीहरूले पुनरुत्थानमाथि विश्वास नगरेको भएकोले जब पत्रुस र यूहन्नाले येशू मृत्युबाट बोरि उठ्नुभयो भनेर प्रचार गरे तब तिनीहरू अत्यन्त रिसाउन थालेका थिए। एक दिन मन्दिरका सुरक्षाकर्मीहरूले पत्रुस र यूहन्नालाई समातेर थुनिदिए र भोलिपल्ट तिनीहरूलाई धार्मिक परिषदको सामु उभ्याइयो (प्रेरित ४:१-७)।

**यहूदी धर्मका उच्च पदाधिकारीहरूको बीचमा पत्रुस र यूहन्नालाई आफ्ना क्रियाकलापको विषयमा स्पष्टिकरण मागेका थिए र कुन अधिकारले तिनीहरूले सो काम गरिरहेका थिए भनेर सोधेका थिए। त्यसको जवाफ पत्रुसले स्पष्ट रूपमा दिए। उनको जवाफमा के मूल सन्देश थियो जसले गर्दा ती धार्मिक अगुवाहरूमा धक्का परेको थियो र तिनीहरूले आफूहरूलाई धम्की दिएको महसुस गर्न थालेका थिए? हेर्नुहोस् प्रेरित ४:१-१८ "१ पत्रुस र यूहन्ना मानिसहरूसँग बोल्दै नै थिए, पूजाहारीहरू, मन्दिरका कप्तान र सदुकीहरू तिनीहरूकहाँ आए। २ उनीहरू रिसाएका थिए, किनकि येशूमा पुनरुत्थान हुन्छ भन्ने कुरा तिनीहरूले मानिसहरूलाई सिकाउँदैथिए र घोषणा गर्दैथिए। ३ तब उनीहरूले यिनीहरूलाई पक्रे, र भोलिपल्टसम्म थुनामा राखे, किनभने त्यस बेला साँझ परिसकेको थियो। ४ तर वचन सुन्नेहरूमध्ये धेरैले नै विश्वास गरे, र विश्वास गर्ने मानिसहरूको संख्या प्रायः पाँच हजार भयो। ५ भोलिपल्ट यिनीहरूका शासकहरू, धर्म-गुरुहरू र शास्त्रीहरू यरूशलेममा भेला भएका थिए। ६ प्रधान पूजाहारी हन्नास, कैयाफा, यूहन्ना, अलेक्जेन्डर र प्रधान पूजाहारीका परिवारका जम्मै त्यहाँ थिए। ७ तिनीहरूले पत्रुस र यूहन्नालाई बीचमा खड़ा गराएर सोधे, "कुन शक्तिबाट अथवा कसको नाउँमा तिमीहरूले यो गरेका हौ?" ८ तब पवित्र आत्माले भरिपूर्ण भएर पत्रुसले तिनीहरूलाई भने, "मानिसहरूका शासक र धर्म-गुरु हो, ९ आज हामीले एक जना लङ्गड़ो मानिसप्रति एउटा असल काम गरेको विषयमा त्यो कुन उपायले निको पारियो भनेर प्रश्न गर्नुहुन्छ भने, १० तपाईंहरू सबैलाई र इस्राएलका सारा मानिसलाई थाहा होस्, कि तपाईंहरूले क्रूसमा टाँगनुभएको र परमेश्वरले मृतकबाट जीवित**

**पार्नुभएका, उनै नासरतका येशू ख्रीष्टको नाउँमा यो मानिस तपाईंहरूका सामुन्ने निको भएर उभिएको छ। ११ 'यो त्यही ढुङ्गो हो, जो तपाईं, निर्माताहरूले इन्कार गर्नुभएको थियो, सो अहिले कुनाको शिर-ढुङ्गो हुन आएको छ।' १२ अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन।" १३ जब तिनीहरूले पत्रुस र यूहन्नाको साहस देखे, र यिनीहरू अशिक्षित र साधारण मानिसहरू रहेछन् भनी थाहा पाए, तब तिनीहरू छक्क परे, र यिनीहरू येशूको साथमा रहन्थे भन्ने तिनीहरूले थाहा पाए। १४ तर निको भएको मानिसलाई यिनीहरूसँग उभिरहेको देखेर तिनीहरूले केही बोल्न सकेनन्। १५ यसैले यिनीहरूलाई महासभाबाट बाहिर जाने आज्ञा दिएर तिनीहरूले यसो भनी आपसमा मतो गरे, १६ "यी मानिसहरूलाई अब हामीले के गर्ने हो? किनभने साँच्ची नै यिनीहरूबाट एउटा अचम्मको काम भएको छ भन्ने यरूशलेमका बासिन्दा जम्मैलाई प्रकट भइसकेको छ, र हामी यो इन्कार गर्न सक्दैनौं। १७ तर यो कुरो जनतामा नफैलिओस् भनी 'फेरि यस नाउँमा कुनै मानिससँग तिमीहरू केही नबोल्नू' भनी हामीले यिनीहरूलाई चेताउनी दिनुपर्छ।" १८ अनि यिनीहरूलाई बोलाएर "अब उप्रान्त येशूको नाउँमा नबोल्नू र कुनै शिक्षा नदिनू" भनी तिनीहरूले आज्ञा दिए।"**

यहूदी धर्मका उच्च पदाधिकारीहरूमा भएको अधिकार भन्दा येशूको अधिकार ठूलो भएको ती मूल पुजारी र धार्मिक अगुवा तथा पण्डितहरूले महसुस गरे। येशूको नाउँ तिनीहरूको निम्ति चुनौतिको रूपमा खडा हुन पुग्यो। येशूको नाउँले अचम्मको काम मात्र भएको होइन तर उहाँ बाहेक अरू कुनै थोकमा मुक्ति नभएको ती धार्मिक अगुवाहरूको मुखैमा जवाफ दिए। याद गर्नुहोस्, ती प्रेरितहरू विश्वको यहूदी धर्मको सबभन्दा उच्च पदाधिकारीहरूको बीचमा उभिएका थिए, तर तिनीहरू ती पदाधिकारीहरूले पाएको अधिकारभन्दा पनि उच्च आधिकारिक शक्तिको सेवा गरिरहेका थिए। ती मानिसहरू साधारण, स्कुल नगएका गलिलको अशिक्षित माछा मार्ने जातिहरू थिए। त्यसकारण जब तिनीहरूले ती पण्डितहरूलाई चुनौति दिँदै स्पष्टिकरण दिए तब तिनीहरूको साहस र बोल्ने कला देखेर ती उच्च पदाधिकारीहरू झस्किए। ती धार्मिक अगुवाहरूले नजानेतापनि प्रेरितहरू येशूले भन्नुभएकै जस्तै (मत्ती १०:१६-२०) पवित्र आत्माले भरिएका थिए।

तिनीहरूको सामु निको भएको लङ्गडो मानिस उभिरहेको थियो। ती प्रेरितहरूले गरेका अचम्मको कामलाई ती धार्मिक अगुवाहरूलाई अस्वीकार

गर्ने आँट भएन। तैपनि प्रेरितहरूलाई येशूको बारेमा प्रचार नगर्न तिनीहरूले आदेश दिए। येशूलाई विश्वास गर्ने अभियान अत्यन्त लोकप्रिय भएकोले येशूको सन्देशप्रति डर मानेका थिए। आफूहरूको बीचमा उभिएको सबुद प्रमाणको सही रूपमा मूल्याङ्कन गर्न तिनीहरू असफल भए किनकि तिनीहरू पूर्वाग्रहले ग्रसित थिए र सर्वशक्तिमान परमेश्वरको भन्दा आफ्नो इज्जत तथा भाऊलाई सुरक्षित गर्ने विवेकको जालोमा परेका थिए।

यहूदी धर्मका ती मतियारहरूलाई दिएको वचन प्रेरितको पुस्तकमा रहेको वचनहरूमा एक अन्यन्त मूल्यवान वचन भएको मानिन्छः "१९ तर पत्रुस र यूहन्नाले तिनीहरूलाई उत्तर दिए, "परमेश्वरको कुरा सुन्नुभन्दा तपाईंहरूको कुरा सुन्नु परमेश्वरको दृष्टिमा ठीक हो कि होइन तपाईं आफै विचार गर्नुहोस्। २० किनकि हामीले देखेका र सुनेका कुराहरू हामी नबोली सक्दैसक्दैनौं।" प्रेरित ४:१९-२०।

**अधिकार पाएर अरूमाथि प्रभुत्त्व जमाउने चाहना कस्तो खतरनाक हुँदो रहेछ भनेर यहूदी धर्मका गुरुहरूले देखाएको चर्तिकलालाई हेर्नुहोस्। मानिसहरू जुन सुकै समूहमा पनि अरूमाथि अधिकार जमाउन चाहन्छन्। तर यदि हामी साँच्चिक्कै येशूलाई प्रेम गर्छौं भने हामी उहाँका सेवकहरू हुन बोलाइएका हौं भनेर ठान्नुपर्दछ। त्यसकारण शक्ति र पदको लोभमा नपर्न हामीले कसरी सचेत हुनुपर्दछ?**

## ४. अनानियास र सफिरा

सुरूका विश्वासीहरूमा चर्चमा आउन आफ्ना सामानहरू बेचबिखन गरेर त्यहाँबाट आएको पैसा चर्चलाई सुम्पेरमात्र आउनुपर्छ भन्ने नीति थिएन। त्यसको अर्थ चर्चको औपचारिक सदस्य हुन आफ्नो भौतिक सम्पत्ति चर्चलाई दिन आवश्यक थिएन। तैपनि स्वइच्छाले उदारवादी भएर विश्वासीहरूको समूहलाई सहयोग गर्न प्रेरणा भएको धेरै उदाहरणहरू प्रेरितहरूको कथामा पाइन्छ। उदाहरणको लागि बर्नावासको बारेमा लिन सकिन्छ। पछि गएर प्रेरितहरूको बीचमा उनले उल्लेखनीय भूमिका खेलेका थिए। हेर्नुहोस् उनको र अरूको बारेमाः "३२ विश्वास गर्नेहरूको समूह सबै एकै हृदय र एकै आत्माका भएका थिए, र तिनीहरूमध्ये एउटाले पनि आफ्नो धन-सम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरूका सबै थोक साझा थिए। ३३ ती प्रेरितहरूले बड़ो शक्तिसाथ प्रभु येशूको पुनरुत्थानको

गवाही दिन्थे, र तिनीहरू सबैमाथि ठूलो अनुग्रह रहेको थियो। ३४ तिनीहरूमध्ये कसैलाई केही कुराको खाँचो पर्दैनथ्यो, किनकि जति जना जग्गाजमिन कि घरका मालिक थिए, तिनीहरूले ती बेचेर त्यसको मोल ल्याउँथे, ३५ र प्रेरितहरूका चरणमा राखिदिन्थे, र जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँड़िदिन्थे। ३६ अब साइप्रस देशको लेवी कुलका योसेफ, जसलाई प्रेरितहरूले बारनाबास भनी नाउँ राखेका थिए (जसको अर्थ उत्साहको पुत्र हो), ३७ उनले आफ्नो जमिन बेचे र त्यो रकम ल्याएर प्रेरितहरूका चरणमा राखिदिए।" प्रेरित ४:३२-३७।

येशूमा सबै जना एकै मन, एकै लक्ष्य र एकै प्यार भएर चल्दै एकताको सुत्रमा बाँधिरहेको बेलामा बाहिरबाटमात्र होइन भित्रैबाट पनि केही नकारात्मक तत्वहरू देखा पर्न थाले जसले गर्दा चर्चको एकतामा खलबल हुन थालेको थियो।

**प्रेरित ५:१-११मा एक यस्तो घट्ना दिइएको छ जसबाट बर्तमान समयमा इसाई हौं भनेर दावी गर्ने हामीले पनि महत्त्वपूर्ण पाठ सिक्नु जरुरी छ। हेर्नुहोस्: "१ तर हननिया नाउँका कोही एक जना र तिनकी पत्नी सफीराले एक टुक्रा जमिन बेचे, २ र त्यसको मोलबाट तिनकी पत्नीकै जानकारीमा केही हिस्सा आफूसँग राखे, र केही हिस्सा ल्याएर प्रेरितहरूका चरणमा राखिदिए। ३ तर पत्रुसले भने, "ए हननिया, पवित्र आत्मासँग झूट बोल्ने र जमिनको बिक्रीको मोलबाट केही हिस्सा आफूसँग राख्ने कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो? ४ त्यो बिक्री नभइञ्जेल के त्यो तिम्रो आफ्नै थिएन? र त्यो बिक्री भएपछि पनि त्यो तिम्रै अधिकारमा थिएन र? यस्तो काम गर्ने विचार तिम्रो हृदयमा कसरी आयो? तिमीले मानिसहरूलाई त होइन, तर परमेश्वरलाई नै ढाँटेका छौ।" ५ यो कुरा सुनेर हननिया भूइँमा लड़े र तिनले प्राण त्यागे। यो सुन्नेहरू सबैमाथि ठूलो डर छायो। ६ तब जवानहरूले उठेर तिनलाई लुगाले बेह्रे र बाहिर बोकी लगे, र गाडिदिए। ७ जे भइसकेको थियो सो थाहा नपाई प्रायः तीन घण्टापछि तिनकी पत्नी पनि भित्र आई। ८ पत्रुसले त्यसलाई सोधे, "मलाई भन, तिमीहरूले जमिन त्यत्तिमै बेचेका हौ?" अनि त्यसले भनी, "ज्यू, त्यत्तिमै।" ९ तर पत्रुसले त्यसलाई भने, "तिमीहरूले प्रभुका आत्माको परीक्षा गर्न कसरी मिलेर मतो गऱ्यौ? हेर, तिम्रा पतिलाई गाड्नेहरू ढोकामै छन् र तिनीहरूले तिमीलाई बोकेर बाहिर लैजानेछन्।" १० अनि तुरुन्तै त्यो उनका पाउनेर लड़ी र प्राण त्याग गरी। जब जवानहरू भित्र आए, त्यसलाई मरिसकेकी**

**देखेर बाहिर बोकेर लगे, र त्यसको पतिको नजिकमा गाडिदिए। ११ सारा मण्डलीमाथि र यी कुरा सुन्ने सबैमाथि ठूलो डर छायो।"**

प्रेरितको पुस्तक लेख्ने लूकाले हननिया र सफिराको बारेमा सबै कुराहरू लेखेका त छैनन्। तर तिनीहरूको मौलिक समस्याचाहिँ देखाइएको छ। आफूले बेचेको जग्गाको पैसा आफूमा राख्न खोज्नु तिनीहरूको समस्या त थिएन तर तिनीहरूले विश्वासीहरूको समाजलाई दुई मुखे भएर धोका दिने प्रयास गर्न खोज्नु तिनीहरूको निम्ति घातक बनेको थियो। तिनीहरूको पाप आवेगमा आएर गर्ने निर्णय नभएर योजनावद्ध तरिकाले जानाजानी परमेश्वरको आत्मालाई जाँच्न खोज्नु थियो (प्रेरित ५:९)। आफ्नो सम्पत्ति बेचेर चर्चलाई सुम्पन तिनीहरूलाई वाध्य गराइएको थिएन। तर जुन तरिका अपनाएर तिनीहरूले आफूले बेचेको सम्पत्ति केही भाग राखेर चर्चमा ल्याएर सुम्पे त्यसले तिनीहरूको नियतमा खराबी देखाइएको थियो। तिनीहरू कति उदार र माया गर्ने मानिसहरु भन्ने देखिन चर्चका अगुवाहरूलाई प्रभाव पारेर र भ्रममा पारेर जस वा स्यावासी लिन खोज्ने प्रयास तिनीहरूले गर्न खोजेका थिए।

त्यही सम्भाव्यताले गर्दा नै परमेश्वरले तिनीहरूलाई कडा सजाय किन दिनुभयो भनेर व्याख्या गर्न सकिन्छ। येशूको आगमन छिट्टै हुन्छ भनेर विश्वास गर्दै चर्चमा सबै जना एक भएर चलेका थिए। तर हननिया र सफिराको त्यस्तो देखावटी काम परमेश्वरप्रतिको बफादारीतामा धक्का पुऱ्याउने खालको थियो र तिनीहरूको कामले विश्वासीहरूको बीचमा नराम्रो उदाहरण तथा प्रभाव पार्न सक्थ्यो। हननिया र सफिरालाई पश्चाताप गर्ने अवसर दिएको वा नदिएको विवरण उल्लेख नगरिएकोले (प्रेरित ५:८) लेखकले तिनीहरूको बारेमा छोटो जानकारीमात्र दिन चाहेको देखाउँछ।

हननिया र सफिरामा घटेको तितो सत्य त यो थियो कि तिनीहरू सुरूदेखि अन्तसम्म तिनीहरूले पापलाई पोषाएर चलेका थिए। परमेश्वरको आँखाको सामु पाप अत्यन्त गम्भीर मामिला हो (इजकिएल १८:२०, रोमी ६:२३)। पापको मामिलालाई लिएर परमेश्वरले मानिसलाई सधैं तुरन्तै दण्ड दिनुहुन्छ भन्ने छैन। तर विभिन्न मानिसहरूलाई तिनीहरूको पापको सजाय भिन्नै तरिकाले तिनीहरूलाई पश्चाताप गर्ने अवसर दिएर मात्र दिइन्छ भन्ने ज्ञानले परमेश्वर कतिको अनुग्रही हुनुहुन्छ भनेर निरन्तररूपमा हामीले सम्झिरहनु आवश्यक छ। (२ पत्रुस ३:९मा यसरी लेखिएको छ "आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो

गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुभएको हो।"

**परमेश्वरबाट अनुग्रह पायौं भन्दैमा त्यसालाई असिमित रूपमा प्रयोग नगर्न हामी कसरी सतर्क हुने? परमेश्वरको अनुग्रहले हननिया र सफिरा इसाई त भए तर त्यो अनुग्रहलाई तिनीहरूले कसरी दुरुपयोग गरे जसले गर्दा हुनसक्छ तिनीहरूले मुक्ति नै गुमाए?**

## ५. दोस्रो पल्ट प्रेरितहरूलाई पक्रन्छन्

हननिया र सफिराको मामिलामा जस्तै प्रेरितहरूले सबै पापीहरूलाई तिनीहरूको सजाय ल्याउन नदिएतापनि पापीहरूको बीचमा परमेश्वरको अनुग्रह ल्याउन आफूहरूलाई प्रयोग गर्न दिएका थिए। प्रेरित ५:१२-१६मा लेखिएको छ "१२ अब प्रेरितहरूका हातबाट धेरै चिन्हहरू र आश्चर्यकर्महरू जनताका बीचमा हुन लागे, र तिनीहरू सबै सोलोमनको दलानमा एकसाथ जम्मा भएका थिए। १३ तर अरूहरूमध्ये कसैको पनि तिनीहरूसँग मिल्न आउने आँट भएन, तैपनि मानिसहरूले तिनीहरूलाई आदर गर्थे। १४ प्रभुमा विश्वास गर्ने पुरुष र स्त्रीहरू दुवैको भीड झन् बढ़ी थपिन लागे, १५ यहाँसम्म कि मानिसहरूले सड़क-सड़कमा बिरामीहरूलाई ल्याए, र पत्रुस आउँदा तिनको छाया मात्र भए पनि तिनीहरूमध्ये कोही-कोहीमाथि परोस् भनी ओछ्यान र खाटहरूमा तिनीहरूलाई सुताइराख्थे। १६ यरूशलेमका वरिपरिका सहरहरूबाट पनि धेरै मानिसहरूले बिरामीहरू र अशुद्ध आत्माले सताएकाहरूलाई लिएर आउँथे र ती सबै निको हुन्थे।" त्यो निको पार्ने क्रियाकलापले तिनीहरूद्वारा परमेश्वरको आत्माले काम गरिरहेका थिए भनेर प्रभावकारी ठोस प्रमाण दिइएको थियो। पत्रुसको छायाँले मात्र बिरामीहरू निको हुन्थे भन्ने कुरा अत्यन्त अचम्म लाग्ने कुरो थियो। चेलाहरूको निको पार्ने त्यस्तो खुबीको समान्तर विवरण रगत बग्ने व्यथाले ग्रष्त भएकी महिलालाई येशूले निको पार्नुभएकोले देखाउँछ जसमा येशूको पछ्यौंराको टुप्पो समात्दामात्रै ती महिला निको भएकी थिइन् (लूका ८:४३,४४)। पत्रुसको छायाँमा निको पार्ने शक्ति थियो भनेर लूकाले भनेका त छैनन् तर मानिसहरूलेचाहीँ विश्वास गरेका थिए। मानिसहरूमा अन्ध विश्वासले चलेतापनि परमेश्वरको अनुग्रहचाहीँ त्यसबेलका मानिसहरूलाई खन्याइएको थियो।

जति जति प्रेरितहरू पवित्र आत्माले भरिएर अत्यन्त अचम्मका काम र चिन्हरू गर्न थाले त्यति त्यति धर्मगुरू तथा पण्डितहरू तिनीहरूप्रति डाहा र ईर्ष्या जुरमुराउन थालेका थिए। त्यसले गर्दा तिनीहरूले प्रेरितहरूलाई फेरि दोस्रो पल्ट पक्रन पुगे (प्रेरित ५:१७,१८)। तिनीहरू झ्यालखानाबाट अचम्म तरिकाले छुटेका थिए "१७ प्रधान पूजाहारी र तिनीसँग हुने सबै (जो सदुकी पन्थका थिए) डाहले भरिएर प्रेरितहरूका विरुद्धमा खड़ा भए, १८ र तिनीहरूलाई पक्रेर सार्वजनिक झ्यालखानमा हालिदिए। १९ तर प्रभुका एउटा दूतले राती झ्यालखानका ढोकाहरू खोलिदिए, र तिनीहरूलाई बाहिर ल्याएर भने, २० "जाओ र मन्दिरमा खड़ा भएर यस जीवनका सारा सन्देश मानिसहरूलाई सुनाओ।" प्रेरित ५:१७-२०। यो घटना र पत्रुसको सुरो वचनले "मानिसलाई भन्दा परमेश्वरको वचन सुन्नुपर्छ" (प्रेरित ५:२९) धार्मिक आधिकारिक व्यक्तिहरूले यो बुझ्न वाध्य हुन थालेका थिए कि ती प्रेरितहरूमा अपार शक्तिको प्रभावले काम गरिरहेका छन्।

**प्रचण्ड रिसले मात्तिएका अतिवादी धर्मगुरूहरूले प्रेरितहरूको हत्या गर्न खोजेका थिए तर तिनीहरूका आदरणीय धर्मगुरू गमलिएलले हस्तक्षेप गरे जसले गर्दा धार्मिक परिषद् वा सानहिद्रणका मानिसहरूलाई प्रेरितहरूलाई मार्न खोजेनन्। गमलिएलले कस्तो तर्क अघि सारेर धर्मगुरुको रिसलाई सेलाइ दिए? हेर्नुहोस्, "३३ तर जब उनीहरूले यो सुने तब उनीहरू साह्रै रिसाए, र तिनीहरूलाई मार्न खोजे। ३४ तर व्यवस्थाका पण्डित र जनतामा माननीय गमलिएल नाम भएका फरिसीले महासभामा उठेर तिनीहरूलाई केही बेर बाहिर जाने आदेश दिए, ३५ र उनले महासभाका मानिसहरूलाई भने, "इस्राएली हो, यी मानिसहरूलाई तपाईंहरूले जे गर्न आँट्नुभएको छ, त्यसमा होसियार हुनुहोस्। ३६ किनकि आजभन्दा अघि पनि थूदासले कोही हुँ भन्ने दाबी गर्‍यो र प्रायः चार सय मानिसहरू त्यसको पछि लागे। त्यो मारियो, र त्यसको पछि लाग्नेहरू सबै छरपष्ट भए र सब व्यर्थ भयो। ३७ यस मानिसपछि जनगणनाको समयमा गालीलको यहूदा भन्ने खड़ा भयो, र कतिपय मानिसहरूलाई आफूतिर खिँच्यो। त्यो पनि नष्ट भयो, र त्यसलाई मान्नेहरू यताउता छरिएर गए। ३८ अहिलेको यस मामिलामा म तपाईंहरूलाई भन्दछु, कि यी मानिसहरूबाट अलग्ग बस्नुहोस्, र यिनीहरूलाई छोडिदिनुहोस्, किनकि यिनीहरूको यो योजना अथवा यो काम मानिसहरूबाट रहेछ भने त्यो आफै मेटिनेछ। ३९ तर यदि यो परमेश्वरबाट हो भनेता तपाईंहरूले यसलाई रोक्न सक्नुहुन्न। नत्रता तपाईंहरू परमेश्वरको**

**विरुद्धमा उठेका ठहरिनुहुनेछ।" ४० तब उनीहरूले तिनका सल्लाह माने। अनि उनीहरूले प्रेरितहरूलाई भित्र बोलाएर पिटे, र "येशूको नाउँमा नबोल्नू" भन्ने आज्ञा दिई तिनीहरूलाई छोडिदिए। ४१ तब येशूको नाउँमा अपमान सहने योग्यका ठहरियौं भन्ने कुरामा आनन्द मनाउँदै तिनीहरू महासभाको उपस्थितिबाट निस्केर गए। ४२ अनि हरेक दिन तिनीहरूले मन्दिरमा र घर-घरमा गएर येशू नै ख्रीष्ट हुनुहुन्छ भनी सिकाउन र प्रचार गर्न छोड़ेनन्।" प्रेरित ५:३३-४२।**

यहूदीहरूको धार्मिक परिषद् सदुकीहरूको बाहुल्यताले नियन्त्रण गरेको थियो। तर तिनीहरूमा फरिसी मतका पण्डितहरू अल्पमत भएतापनि तिनीहरूको भूमिका प्रभावकारी थियो। गमिलिएल फरिसी थिए र परमेश्वरको व्यवस्थाको ज्ञानमा उच्च उपाधी हासिल गरेका थिए। यहूदीहरूको बीचमा उनी अति सम्माननीय र आदरणीय थिए र यहूदीहरूले उनलाई रबान अर्थात् हाम्रो गुरु भनेर सम्बोधन गर्थे। अरू धार्मिक गुरुहरूलाई केवल रबी वा मेरो गुरु भनेर सम्बोधन गर्थे। प्रेरित पावल पनि गमिलिएलको चेला थिए (प्रेरित २२:३)।

इस्राएलमा भर्खर घटेको दुई विद्रोही आन्दोलनको बारेमा गमलिएलले धार्मिक परिषद्मा सुनाए। ती आन्दोलनका नाइकेहरूले धेरै अनुयायीहरू बनाए इस्राएलमा धेरै खलबल ल्याएका थिए। जब तिनीहरूका नेताहरू मारिए तब तिनीहरूका अनुयायीहरू पूर्णरूपमा बिलाएर गए। गमलिएलले यो भन्न खोजेका थिए कि यदी इसाई आन्दोलनको सुरूवाट मानिसबाट भएको हो भने त्यो बिलाएर जानेछ। तर यदि प्रेरितहरूले दावी गरे अनुसार परमेश्वरबाट नै आन्दोलन मच्चिएको हो भने ती धार्मिक गुरुहरूले त्यसको बिरुद्धमा जित्ने आशा कसरी राख्न सक्छन् र? गमलिएलको सल्लाहलाई सबैले माने। प्रेरितहरूलाई पिटे र फेरि पनि येशूको नाउँमा नबोल्नु भनेर आदेश दिए।

**कसैको सल्लाह लिनु कतिको आवश्यक र सहायोगी हुनसक्छ भनेर उक्त कथाले हामीलाई बताउँछ? हामीले सुन्नै नचाहेतापनि कतिबेला अरूहरूको सरसल्लाह लिन किन जरुरी हुन्छ?**

## उपसंहार:

"**अहिले** हामीहरूको सामु हाम्रो प्रभु प्रत्यक्षरूपमा उपस्थित हुनुभएको छैन। जब उहाँ यस संसारमा आउनुभयो उहाँ उहाँका विश्वासी घरानाको हेरचाह गर्न

र आफ्नो इच्छा अनुसार यस संसारमा सेवा गर्न आउनुभएको थियो। उहाँको प्रत्यक्ष अनुपस्थितिमा उहाँका विश्वासी घरानाको हेरचाह गर्न र तिनीहरूलाई जतन गरिराख्ने जिम्मेवारी हामीहरूलाई सुम्पिएको छ। उहाँ स्वर्गमा जानुभयो र उहाँका विश्वासी घरानाको रेखदेख गर्ने जिम्मा हामीमा छोड्नुभयो र उहाँको आगमनको प्रतीक्षा गर्दै पर्खिरहन उहाँले हामीबाट अपेक्षा गर्नुहुन्छ। उहाँले हामीलाई विश्वासाथ छोड्नुभएको जिम्मेवारीलाई फलदायी भएर काम गरिरहौं नत्र भने जब उहाँ अचानक आउनुहुन्छ तब हामीहरू सुतिरहेको उहाँले भेट्टाउनुहुनेछ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ८, पृ.३७बाट रूपान्तरित।

"**(प्रायजसो बप्तिस्माको बेलामा)** सपथ वा वाचाको पवित्रताको बारेमा मानिसहरूलाई सचेत गराइरहनु आवश्यक छ। तिनीहरूले परमेश्वरको काममा सहयोग गर्छु भनेर सङ्कल्प गरेका हुन्छन्। परमेश्वरको सामु खाएको सपथ वा गरेको सङ्कल्प प्रायजसो मानिसहरूसँग गरिएको बाचा जस्तो होइन जुन पालन गर्नुपर्ने वाध्यता हुन्छ। तर परमेश्वरसँग गरिएको बाचा भएकोले त्यो पालन गर्नु के वाध्यता छैन वा त्यो पवित्र हो भनेर ठान्नु आवश्यक छैन र? परमेश्वरसँग गरिएको वाचामा कुनै प्रावधिक वा कानुनीरूपले मात्र वाध्य गराउन नसक्ने भएतापनि के कुनै पनि इसाई हुँ भनेर दावी गर्नेले आफूले मानिससँग गरेको बाचा तोड्ने आँट गर्छ र? तर परमेश्वरसँग गरिएको बाचा कुनै कानुनले भेट्न नसेकातापनि वा त्यो वाचा पालन गर्न वाध्यता नदेखिएतापनि मानिससँग गरिएको बाचा भन्दा त्यो कमको हुँदैन।"-एलेन जी ह्वाइट, एलेन जी ह्वाइट कमेन्टस्, *द एस डिए बाइबल कमेन्टरी,* ठेली ६, पृ. १०५६बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. **धेरै कुराहरूका अलावा येशूले आफ्ना चेलाहरूलाई तुरन्तै पालन गर्न दुई आदेशहरू छोडेर जानुभएको छः उहाँको सिघ्र आगमनको प्रतीक्षामा रहन र संसारभरि सुसमाचार सुनाउने काममा जुट्न। संसारमा सुसमाचार सुनाउने जुन लक्ष्यमा हामीहरू हिँडिरहेका छौं ती आदेशहरूले हामीलाई कसरी प्रभाव पार्नु पर्छ?**

आ. कसै-कसैले यस्तो भावना व्यक्त गर्दछन्, "येशू आज नै आउनुहुन्छ भनेर तयार भएर बस्नु पर्छ तर हामीहरूले आफ्नो लक्ष्यमा चर्चको उत्थानको निम्ति यसरी निरन्तररूपमा सक्रिय भएर बस्नुपर्छ कि उहाँ सय वर्षपछि आउनुभएतापनि केही फरक पर्दैन।" यो भावनामा के आत्मज्ञान लुकेको छ? हामी इसाई हौं भनेर दावी गर्नेहरूले त्यसलाई कसरी उपयोग गर्ने?

इ. येशूको जीवन, मृत्यु, पुनरुत्थान र उहाँको आगमन नै हामीहरूको वचन प्रचार गर्नेको मुख्य केन्द्रविन्दु किन हुनुपर्छ? यो पनि हेर्नुहोस्: यदि घट्नाहरूलाई मध्य नजर राखेर प्रचार नगरिँदा हामीहरूको प्रचारको अर्थ के हुन जाला त?

ई. अरू मानिसहरूको असल वा खराब नियत थाहा पाउन कतिको सान्हो छ भनेर हननिया र सफिराको कथाबाट कसरी सिक्ने?

उ. आधुनिक जमानामा कोही गमलिएलहरू छन् जुन तपाईंले चिन्नुभएको छ? वा के तपाईं अरूको निम्ति गमलिएलको भूमिका खेलिरहनु पर्ने अवस्थामा पर्नुभएको छ? कतिपय समयमा प्रभुलाई विश्वासै नगर्ने मानिसहरूबाटपनि बुद्धिमानी सरसल्लाह कतिको असल हुन पुगेको तपाईंले महसुस गर्नुभएको छ? त्यसबाट हामीले के सिक्न सक्दछौं?

## कथा ३
## एडभेन्टिस्ट विद्या अङ्गाल्नु
## की-जो मुन, ७१ दक्षिण कोरिया

मेरो घरको ढोकामा एक जना एडभेन्टिस्टले पढ्ने सामग्री लिएर आउनुभन्दा धेरै पहिले नै सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा मेरो चासो सुरूभएको थियो।

कोरियाको एक मूख्य प्रोटेस्टेन्ट समूदायको पास्टर भएको हैसियतले परमेश्वरको बारेमा अरू चर्चहरूको धारणा कस्तो छ सो जान्न चाहेको थिएँ। प्रेसबेटिरियन, मेथोडिस्ट र एडभेन्टिस्ट चर्चले सिकाएका लिखित सामग्रीहरूलाई तुलना गरेर पढेको थिएँ। सबै एडभेन्टिस्ट पुस्तकहरू एलेन जी ह्वाइटले लेखेको थाहा पाएँ। धेरै वर्ष अघि देहान्त भएको महिलाप्रति एडभेन्टिस्टहरूले किन ध्यान दिए भन्ने कुरामा मलाई कौतुहल लागेको थियो।

फेरि त्यसै बखत हाम्रो चर्च जतिसुकै ठूलो र प्रख्यात भएतापनि हाम्रो चर्चमा केही न केही कमी भएको मैले महसुस गरेको थिएँ। मैले एक दिन एक जना प्रख्यात पास्टरलाई यो प्रश्न राखें, "हामीहरूको बाइबल कलेजमा दानिएल र प्रकाशको पुस्तकको बारेमा किन सिकाउँदैनौं?" "ती पुस्तकहरूको बारेमा हामीलाई धेरै थाहा नभएकोले नसिकाएको" भनेर उनले उत्तर दिए।

त्यसकारण मेरो प्रश्नको जवाफ आफैले खोज्न थालें। हाम्रो देशमा रहेका विभिन्न आआफ्नै खालका धार्मिक समूहहरूसँग मेरो विवाद हुन थाल्यो। दक्षिण कोरियामा मुख्य गरेर तीन धार्मिक समूहहरू छन्: यहोवाको साक्षी, सेभेन्थ-डे एडभेन्टिस्ट र नयाँ स्वर्ग र नयाँ पृथ्वीमा विश्वास गर्नेहरू। नयाँ स्वर्ग र नयाँ पृथ्वीलाई विश्वास गर्ने समूहमा एक जना युवा संलग्न भएको मलाई थाहा थियो। ती युवा त्यसमा गएपछि त्यसबाट उसलाई अलग राख्न मैले कोशिश गरें तर सकिंन। त्यसकारण म तिनीहरूको मुख्य संस्थामा गएँ र त्यहाँ बाइबल बारेमा सिकाएँ। अनि मैले यहोवाका साक्षीलाई मान्ने एक समूहलाई त्यसबाट आफूतिर ल्याउने कोशिश गरें। त्यसपछि मैले एडभेन्टिस्टको बारेमा सिक्न निर्णय गरें। एडभेन्टिस्टको बारेमा सिकेर तिनीहरूको शिक्षासँग लड्ने मेरो आशय थियो।

यसै समय मैले ही-सुकिमलाई भेटें। उनी एडभेन्टिस्ट पुस्तकहरू बेच्दै थिइन्। जब उनलाई मैले भेटें मैले परमेश्वरलाई यसरी धन्यवाद दिएँ, "परमेश्वर म तपाईंलाई धन्यवाद दिन्छु किनभने मैले एडभेन्टिस्टहरूको बारेमा जान्न चाहेको थिएँ। तपाईंले एक जना एडभेन्टिस्टलाई मेरै ढोकामा ल्याउनुभयो।"

सुश्री किमले मलाई एउटा पर्चा दिइन्। प्रायजसो मैले पर्चाहरूलाई फ्याँकि दिन्थें। तर त्यसबेला मैले सोचें, " त्यसमा केही सत्यता हुनसक्छ। यदि छ भने मैले सिकेर म उनीसँग आत्मिकरूपमा सम्बन्ध राख्न सक्नेछु र मेरो चर्चमा ल्याउन कोशिश गर्नेछु।"

के एडभेन्टिस्ट झुटो हुन् त?

एडभेन्टिस्टको बारेमा केही जानकारी पाएपछि सुश्री किमको चर्चमा जान चाहें। त्यो चर्च हामीहरूको चर्चले सिकाएको अनुसार झुटा हुन् कि भन्ने जान्न चाहेंको थिएँ। केही समय कसैले थाहा नपाउने गरि म त्यस चर्चमा गएँ। तर एक दिन मेरी श्रीमतीले मेरो पुस्तक सामग्रीमा एडभेन्टिस्ट चर्चको सूचना पत्र भेट्टाइन्। अनि उनको र मेरो बीचमा कचकच चल्न थाल्यो। मेरी श्रीमतीलाई रिस नउठाइ एडभेन्टिस्ट चर्चमा कसरी जाने भनेर सोचिरहेको थिएँ। तब एक दिन सुश्री किमले मलाई उनको चर्चमा हुने स्वास्थ्य सम्बन्धी कार्यक्रममा भाग लिन निम्तो दिइन्। यस बारेमा मेरी श्रीमतीले पनि चासो राख्थिन् होला भनेर उनलाई पनि निम्तो दिन किमलाई अनुरोध गरें।

मलाई थाहा थियो कि मेरी श्रीमतीले एडभेन्टिस्ट चर्चमा दिइने प्रवचन कहिल्यै पनि सुन्ने छैन। तर स्वास्थ्य सम्बन्धी ज्ञानबाट एडभेन्टिस्ट चर्चसँग उनलाई परिचय गराउन सकिन्छ भन्ने मलाई थाहा थियो। एडभेन्टिस्टहरू जहिले पनि मित्रवत व्यवहार गर्दछन् र सबैलाई हेलो भन्ने चलन छ भनेर मेरी श्रीमतीलाई देखाउन चाहेको थिएँ। आराधनाको सेवाकार्यक्रमपछि एडभेन्टिस्टहरू कसरी मिलिजुली खाँदा रहेछन् भनेर मेरी श्रीमतीले देखिलन् भन्ने मैले चाहेको थिएँ। हामीहरूको चर्चमा हामीहरूको चर्च पास्टर जहिले पनि टेबुलको सुरूमा बस्दथे र अरूहरूले उनलाई खाना ल्याउनुपर्थ्यो। तर एडभेन्टिस्ट चर्च पास्टरले आफैले आफ्नो खाना लिनुपर्थ्यो र बस्नको निम्ति ठाउँ खोज्नुपर्थ्यो।

स्वास्थ्य सम्बन्धी कार्यक्रमले मेरी श्रीमतीको मन एडभेन्टिस्ट चर्चप्रति नरम भयो। पछि हामी दुवै जना दानिएल र प्रकाशको बारेमा दिइने शिक्षा कार्यक्रममा सामेल भयौं। त्यसबेलमा मैले सोचें, "यो त फरक शिक्षा रहेछ। हामीहरूको चर्चमा पो धेरै गल्ती कुराहरू रहेछन्। तर एडभेन्टिस्ट चर्चको पास्टरले त मलाई तातो तातो आत्मिक खाना पो खुवाई रहेका छन्।"

कार्यक्रमको समापणमा प्रचारकले मलाई बप्तिस्मा लिन सुझाव दिए। तर मेरी श्रीमतीले पर्खिन अनुरोध गरिन्। म मेरो चर्चको पास्टरमात्र होइन चर्चको वरिष्ठ अगुवा पनि हुँ भनेर मेरी श्रीमतीले सम्झाइन्। मैले मेरी श्रीमतीको कुरा सुनें। मेरो चर्चको स्थानीय युनियनको अध्यक्ष पद सम्हालेपछि एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिने निर्णय मैले गरें।

बप्तिस्मा नलिने निर्णय गरेको साबथ पछि मेरी श्रीमती चर्चमा गइनन् किनभने उनी बिरामी परेकी थिइन्। त्यस दिन दिउँसो एक जना एडभेन्टिस्ट मेरो घरमा मेरी श्रीमतीको निम्ति प्रार्थना गर्न आए। कुराकानी गरेपछि उनले हामीलाई भने, "तपाईंहरूले बप्तिस्मा लिनुपर्छ।" अनकनाउँदै मेरी श्रीमतीतिर आँखा लगाउँदै मैले भनें, "यस बारे म प्रार्थना गर्छु। यदि परमेश्वरको इच्छा छ भने म बप्तिस्मा लिन्छु।" मेरी श्रीमतीले भित्ते क्यालेन्डर हेरिरहेकी थिइन्। "फेब्रुअरी ४मा बप्तिस्मा लिने राम्रो समय जस्तो लाग्छ," मलाई छक्क पार्दै उनले भनिन्। एक हप्ता अघि सम्म मलाई बप्तिस्मा नलिन सम्झाएकी श्रीमतीले त आफूले पनि बप्तिस्मा लिने चाहना व्यक्त गरिन्।

फेब्रुअरी २०१७मा बप्तिस्मा लिएपछि मेरो जीवन खुशी र आनन्दले भरिरहेको छ। प्रत्येक साबथ प्रवचन सुन्न मलाई मन पर्छ।

एडभेन्टिस्ट पुस्तक बेच्ने महिलालाई मेरो चर्चमा ल्याउन मैले चाहेको थिएँ, उनले पो मलाई उनको चर्चमा ल्याइन्।

(*यो कथा कीजो मुनले आन्द्रुमकचेसिनेलाई भनेका थिए। किजो मुनले आइतबार पालन गर्ने चर्चमा ३७ वर्षसम्म चर्चको पास्टर भएर सेवा गरेका थिए। उनी ७१ वर्षको हुनुहुन्छ। अर्को अध्यायमा उनकी श्रीमतीले भनेकी कथा पढ्नेछौं)।*

## दक्षिण कोरियाबारे थप जानकारीः

-दक्षिण कोरियाको जनसंख्या ५ करोड दसलाख छ। त्यो देशको क्षेत्रफल ३८,००० वर्गमाइल अर्थात् १००,००० वर्ग किलोमिटर छ। देशको भौगोलिक दृष्टिकोणमा संसारको सबैभन्दा धेरै मानिसहरू बस्ने देश हो। प्रत्येक वर्गमाइलमा १३०० मानिसहरू छन् अर्थात् प्रत्येक वर्ग किलोमिटरमा ५०० जना मानिसहरू छन्। यस देशसँग अमेरिकालाई तुलना गर्दा अमेरिकामा प्रत्येक वर्गमाइलमा ८६ मानिसहरू बस्दछन् वा प्रत्येक वर्ग किलोमिटर मा ३३ जना मानिस रहन्छन्।

-कोरियामा कोही जन्मियो भने जन्मिने बित्तिक्कै एक वर्ष भएको मानिन्छ।

-कोरियामा रहेका चर्चका कर्मचारीहरूको शिक्षामा सुधार ल्याउन सन् १९०६मा एक जना अमेरिकन मिसिनेरीले सम्युक विश्वविद्यालय स्थापना गरेका थिए। सुरूमा त्यसलाई इयुम्युङ्ग कलेज भनिन्थ्यो। यो विद्यालय दुई पल्ट बन्द गर्नुपरेको थियो। एक फेरा कोरियामा जापानले शासन गरेको बेलामा र अर्को पल्ट कोरियाको गृहयुद्धमा। त्यस विश्वविद्यालयमा ५,७८७ विद्यार्थीहरू छन्। ८६ प्रतिशत विद्यार्थीहरू एडभेन्टिस्ट होइनन्।